नेपाल सरकार
शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय
छात्रबृत्ति शाखा, केशरमहल

प्रकाशित मितिः २०७७ / ११ /०७

**जनवादी गणतन्त्र चीन सरकारद्वारा नेपाल सररकारलाई प्राप्त हुने छात्रवृत्ति अन्तर्गत स्नातकोत्तर तहको MSc Agriculture र MSc Forestry विषयको छात्रवृत्तिमा अध्ययन गर्न इच्छुक उम्मेद्वारहरूका लागि दरखास्त फाराम भर्ने बारे जरुरी सूचना।**

नेपाल सरकारलाई शैक्षिक सत्र २०२१/२०२२ का लागि जनवादी गणतन्त्र चीन सरकारबाट प्राप्त हुने देहायबमोजिमको छात्रवृत्तिमा अध्ययन गर्न जान इच्छुक दरखास्तको अन्तिम मितिसम्म ३५ वर्ष ननाघेका त्रिभुवन विश्वविद्यालयको सम्बन्धित संस्थान वा सङ्कायले २०७७ सालमा लिएको प्रवेश परीक्षामा कम्तीमा ५० प्रतिशत अङ्क प्राप्त गरी उत्तीर्ण भएका योग्यता प्राप्त नेपाली उम्मेदवारहरूले देहायका सर्तहरूको अधिनमा रही **मिति २०७७ फागुन ९ गते देखि २०७७ साल फागुन १३ गतेसम्म** निर्धारित समयसीमाभित्र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, छात्रवृत्ति शाखा केशरमहलमा दरखास्त दिनुहुन शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको निर्णयअनुसार यो सूचना प्रकाशित गरिएको छ। दरखास्तको ढाँचा यसैसाथ संलग्न गरिएको छ। दरखास्त फाराम डाउलोड गरी भर्न सकिने छ र शाखामा पनि प्राप्त हुनसक्ने छ।

तपसिल

**क) विषय सिट सख्या र कोटा विभाजन**

स्नातकोत्तर तह

| क्र सं | कार्यक्रम | छात्रवृत्ति सम्बन्धी निमयावली बमोजिम कुल सिट विभाजन | | |
|---|---|---|---|---|
| | | जम्मा | खुला | महिला |
| १ | MSc Agriculture | २ | १ | १ |
| २ | MSc Forestry | १ | १ | |

**ख) दरखास्त दिने प्रकिया तथा संलग्न हुनुपर्ने कागजातहरू**

१) राजस्व सम्बन्धी व्यवस्थाः आवेदकहरूले राजस्व वापतको रकम रु १००० एक हजार राष्ट्रिय वाणिज्य बैङ्क काउन्टरमा कार्यालय कोड नं ३५०००३५०१ तथा राजश्व शीर्षक नं १४२२९ मा दाखिला गरी सोको भौचरसमेत संलग्न राखी निवेदन दिनु पर्ने छ। भौचर भर्ने नमूना यसै सूचनाको पृष्ठ भागमा दिइएको छ ।

२) दरखास्त साथ संलग्न गर्नुपर्ने प्रतिलिपि कागजातहरू

- पूर्ण रूपमा भरिएको आवेदन फाराम
- राजस्व बुझाएको सक्कल भौचर
- नागरिकताको प्रमाण पत्र
- त्रिभुवन विश्वविद्यालयले वि सं २०७७ सालमा सञ्चालन गरेको प्रवेश परीक्षाको रोल नम्बर Rank / Merit, विषय,
- SLC/SEE, 10+2, वा सो सरह र BSc Agriculture/BSc Forestry को परीक्षामा उत्तीर्ण ट्रान्सक्रिप्ट र Character certificate
- शैक्षिक योग्यता हासिल गरेको बोर्ड नेपाल बाहिरको भए सबै वा कुनै तहको सम्बन्धित बोर्डबाट जारी गरिएको transcript वा मार्कसिटका साथ pass verification certificate/degree provisional certificate/migration certificate का साथ सम्बन्धित पाठ्यक्रम विकास केन्द्रबाट समकक्षता खुलाएको पत्रको छायाप्रति संलग्न गर्नुपर्ने छ ।
- नागरिकता र शैक्षिक योग्यताको प्रमाण पत्रमा नाम थर जन्ममिति फरक भएमा एउटै व्यक्ति भएको सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्रको स्क्यान प्रतिसमेत
- आरक्षणको हकमाः माथि उल्लेखित कागजात र पूर्ण विवरण भर्ने तथा निवेदनमा स्पष्ट हुने गरी चिह्न दिनु पर्ने छ ।

**ग) Community School Group सामुदायिक विद्यालय तर्फको आरक्षण समूह**

MSc Agriculture का लागि छुट्याइएको आरक्षित महिला सिटका लागि दरखास्त दिने उम्मेदवारले यसै सूचनासाथ संलग्न ढाँचामा बुँदा नं २ अनुसारको विपन्नताको सिफारिस र सरकारी विद्यालय सम्बन्धी सिफारिस पेश गर्नुपर्ने छ ।

१) SLC /SEE उत्तीर्ण गरेको विद्यालय सामुदायिक सरकारी हो भनी सम्बन्धित स्थानीय निकायले वा शिक्षा समन्वय इकाइले प्रदान गरेको सिफारिस पत्र

२) सम्बन्धित व्यक्ति वसोवास गरेको स्थानीय तहले (गाउँपालिका /न.पा./उपमहानपालिका वा महानगरपालिका) विपन्नताको कारण खुलाइ छात्रवृत्ति सम्बन्धी नियमवली,२०६० को अनुसूची १ अनुरुपको ढाँचामा मिति २०७७ साल फागुन ९ गतेदेखि दरखास्त फाराम भर्ने अन्तिम मिति २०७७ फागुन १३ गतेसम्ममा जारी गरेको विपन्नताको सक्कल सिफारिस पत्र ।

३) दरखास्तमा आरक्षण समूहमा चिह्न नदिएमा तथा माथि उल्लेखित कागजात पेश नभएमा सो दरखास्त स्वतः साधारण समूहको लागि दिइएको मानिने छ ।

**घ ) Other School Group अन्यविद्यालय तर्फको आरक्षण समूह**

यस समूहमा दरखास्त पेस गर्ने उम्मेदवारहरुले आवेदनमा अन्य विद्यालय समूहको आरक्षण सिटमा √ चिह्न दिनुपर्ने छ ।

१. अन्य विद्यालय समूहले पाउने अवसरः आरक्षण गरिएको स्थानमा सामुदायिक विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरी माथि उल्लेख गरिएका कागजात पेश गरेका उम्मेदवारहरूलाई पहिलो प्राथमिकता दिइने छ । सामुदायिक समूहमा कुनै पनि उम्मेदवार नभएको अवस्थामा मात्र नेपाल भित्रका अन्य विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका सोही समुदायका व्यक्तिलाई आरक्षित स्थान प्रदान गरिने छ । सो पनि नभएको अवस्थामा छात्रवृत्ति सम्बन्धी नियमावलीबमोजिम सो आरक्षित सिट साधारण समूहमा रुपान्तरण गरी वितरण गरिने छ ।

*पुनश्चः फारम भर्ने क्रममा कुनै समस्या भएमा मात्र शाखाको फोन नं ४४१८१६९ मा फोन गरी जानकारी लिन सकिने छ । म्याद नाघी आएको दरखास्तउपर कुनै कारवाही हुने छैन ।*

बैङ्कभौचरको नमूना



अनुसूची ३.१

बैंकको छाप

राष्ट्रिय वाणिज्य बैंक लि.

शाखा कार्यालय ........................ नमूना

राजश्व दाखिला फाराम (Deposit Slip)

दाखिला फाराम (Deposit Slip) नं. 01087128 मितिः ----------------

एकल खाता रहेको बैंक शाखाः राष्ट्रिय वाणिज्य बैंक

बैंक खाता नं.:

कार्यालयको कोडः ३५०००३५०१

कार्यालयको नामः शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय

राजश्व शिर्षक नं.: १४२२९

दाखिला भएको रकम रू.:

अंकमाः १०००/-

अक्षरमाः एक हजार रुपैयाँ मात्र

आय वर्षः

श्रोतमा कर कट्टीः हो ☐ होइन ☐

बापतः छात्रवृत्ति दस्तुर बापत

भुक्तानीको प्रकारः नगद/चेक/ड्राफ्ट/विद्युतिये ट्रान्सफर/अन्य

चेक/ड्राफ्ट नं.

जारी गर्ने बैंक र शाखाः

दाखिला गर्ने फर्म/व्यक्तिको नामः विद्यार्थीको नाम

ठेगाना/फोन नं. समेत विद्यार्थीको ठेगाना सम्पर्क नं

भ्याट/पान नं.

विद्यार्थीको सही

रकम दाखिला गर्नेको सही

बैंकले भर्नेः दाखिला रकम ............................

भौचर नं.

शिर्षक

मिति

प्रमाणित गर्नेको हस्ताक्षर

यो फारम कम्तिमा २ प्रति तयार गर्नुपर्ने छ । यस्तो फारम कर राजश्वको हकमा रातो र गैर कर राजश्वको हकमा सेतो हुने छ । RMIS बाट सिर्जना भएको भौचर नम्बर, राजश्व शिर्षक, रकम र मिति समेत लेखि यसको एक प्रति जम्मा कर्तालाई दिई एक प्रति बैंकले आफ्नो प्रयोजनको लागि राख्नु पर्ने छ ।

| दरखास्त फाराम |
|---|

| टिकट रु.१० |
|---|

| फोटो |
|---|

मिति :-२०७७/११/

श्री शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय
छात्रबृत्ति शाखा

***विषयः- MSc Ag/MSc Forestry विषयको छात्रबृत्तिमा अध्ययनका लागि आवेदन गरेको सम्बन्धमा ।***

प्रस्तुत विषयमा तोकिएको मितिमा त्रिभुवन विश्वविद्यालय वा सो अन्तर्गतको निकायले सञ्चालन गरेको प्रबेश परीक्षामा मैले कम्तीमा ५० प्रतिशत अङ्क ल्याई उत्तीर्ण गरेकोले तोकिएको मापदण्डअनुसार अध्ययन गर्न योग्य रहेको हुँदा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट मिति २०७७ फागुन ७ गते प्रकाशित सूचना अनुसार स्नातकोत्तर तहको **MSc Ag/MSc Forestry** विषयमा चीनमा अध्ययनका लागि छात्रबृत्तिमा मनोनयन हुन देहायको विवरण र सूचनामा माग भएका कागजातहरु संलग्न गरी रु १० को टिकट टाँसी दरखास्त पेश गरेको छु ।

प्रवेश परीक्षा उत्तीर्ण गरेकोः वनविज्ञान अध्ययन संस्थान, पोखरा ☐

कृषि र पशुविज्ञान अध्ययन संस्थान, कीर्तिपुर ☐

क) योग्यताक्रम तथा समूह

| क. सं. | प्रवेश परीक्षा रोल नं | योग्यताक्रम अङ्कमा | योग्यताक्रम अक्षरमा | प्राप्ताङ्क | दरखास्त पेश गरेको समूह | | सामुदायिक विद्यालय | संस्थागत विद्यालय |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | साधारण | महिला | | |
| १ | | | | | | | | |

निवेदकको नाम थरः .................................................Name in English: ........................................

जन्ममितिः ई सः ................................ वि सः ......................................

सम्पर्क फोन नः .......................................... मोबाइल नः ..........................

इमेलः .......................................... अभिभावकको नाम थरः .............................. सम्पर्क नः................

मैले दरखास्तका लागि आवश्यक पर्ने भनी सूचनामा उल्लेखित सम्पूर्ण कागजात सहित यो निवेदन पेश गरेको छु । माथि लेखिएको व्यहोरा सबै ठीक साँचो छ झूट्टा ठहरे कानूनबमोजिम सहूँला बुझाउँला । यो दरखास्त फारामका आधारमा हुने मनोनयन नतिजाको जानकारी मैले शिक्षा मन्त्रालयको वेभसाइट www.moest.gov.np बाट तोकिएबमोजिमको समयमा सम्पर्क गर्ने छु भनी सहिछाप गरेको छु ।

दस्तखतः ...........................
मितिः

| दायाँ | बायाँ |
|---|---|
| | |

*(सम्बन्धित स्थानीय निकायको लेटरप्याडमा हुनुपर्ने)*

विपन्नताको ढाँचा

अनुसूची-१ख.

(नियम १३क. को )उपनियम (३) सँग सम्बन्धित)

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
केशरमहल, काठमाडौं

विषय - विपन्नको सिफारिस गरिएको ।

उपरोक्त सम्बन्धमा श्री ........................ को नाति/नातिनी श्री ....................... .. को छोरा/छोरी ........... जिल्ला ................ गाउँपालिका/न.पा./उ.म.न.पा/म.न.पा. ............वडा बस्ने वर्ष ...... को श्री/सुश्री/श्रीमती ................... मिति ......... देखि ........ सम्म ............. सामुदायिक विद्यालयमा अध्ययन गरी एस.एल.सी. उत्तीर्ण गरेका विद्यार्थी हुन् । निज ....................................... कारणले विपन्न भएको देखिंदा निजलाई विपन्न व्यक्तिको लागि आरक्षित गरिएको छात्रवृत्तिको स्थानमा उम्मेदवार हुन पाउने व्यवस्था गरिदिनु हुन सिफारिस गरिएको छ ।

सिफारिस गर्नेको,-
सहीः
नामः
पदः
कार्यालयः
मितिः
कार्यालयको छापः